# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, भदौ १ गते २०४१ साल (अतिरिक्ताङ्क २४


श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. समितिको गठनः (१) रेडियो प्रसार सेवा विकास समिति (यसपछि "समिति" भनिएको) गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायको सदस्यहरू रहनेछन्:–

(क) सचिव, सञ्चार मन्त्रालय — अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय (सह-सचिव स्तर) — सदस्य

(ग) प्रतिनिधि, कानून तथा न्याय मन्त्रालय (सह-सचिव स्तर) — सदस्य

(घ) प्रतिनिधि, परराष्ट्र मन्त्रालय (सह-सचिव स्तर) — सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्रतिनिधि, गृह मन्त्रालय (सह-सचिव स्तर) – सदस्य

(च) गैरसरकारी क्षेत्रका प्रतिष्ठित व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारबाट मनोनीत २ जवान – सदस्य

(छ) व्यवस्थापक, रेडियो प्रसार सेवा – सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) समितिको आमन्त्रणमा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार वा श्री ५ को सरकारको कुनै अधिकृतले समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन सक्नेछ ।

(५) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

३. समितिको काम, कर्तव्य र अधिकारः (१) राष्ट्रिय हितलाई सर्वोपरि राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिहरूको व्यापक जानकारी दिन र राष्ट्र तथा समाजको आर्थिक, बौद्धिक तथा सामाजिक उत्थानमा सघाउ पुऱ्याउनको लागि रेडियो नेपालद्वारा प्रसार सेवा सञ्चालन गर्नु, गराउनु समितिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछ ।

(क) रेडियो प्रसार सेवाको विकासको लागि नीति निर्धारण गर्ने,

(ख) रेडियो प्रसार सेवाको विस्तार गर्ने,

(ग) रेडियो प्रसार सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने,

(घ) रेडियो प्रसार सेवाको कार्य सञ्चालनको लागि आवश्यक प्राविधिक र प्रशासकीय कर्मचारीहरूको दरबन्दी सृजना गर्ने र नियुक्ति गर्ने,

(ङ) श्री ५ को सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग वा ऋण प्राप्त गर्ने,

(च) रेडियो प्रसार सेवालाई स्वावलम्बी बनाउन विज्ञापन सेवालाई व्यापारिक दृष्टिकोणबाट सञ्चालन गर्ने,

(छ) रेडियो प्रसार सेवा बढी आकर्षक बनाउन आवश्यक दक्ष जनशक्ति तयार गर्ने,

(ज) व्यावहारिक एवं वैज्ञानिक रूपबाट प्रसार गर्न आवश्यक पर्ने अनुसंधान र अध्ययन गर्ने गराउने,

322 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) रेडियो प्रसार सेवाको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने, र

(ञ) उपरोक्त कामहरूको कार्यान्वयनको लागि अन्य आवश्यक कामहरू गर्ने ।

४. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ।

(२) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता आफूमध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) समितिको निर्णय समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

५. समितिको कोषः (१) कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार र अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्रदान गरिएको रकम,

(ग) रेडियो नेपालको विज्ञापन सेवाबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

६. लेखा तथा लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

७. कर्मचारीसम्बन्धी विशेष व्यवस्थाः (१) रेडियो प्रसार सेवा व्यवस्थापक श्री ५ को सरकारबाट नियुक्त हुनेछ ।

(२) श्री ५ को सरकारको प्राविधिक र प्रशासकीय कर्मचारीलाई समितिबाट तलब खाने गरी श्री ५ को सरकारले समितिमा काम गर्न काज खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम श्री ५ को सरकारले काजमा खटाएको प्राविधिक र प्रशासकीय कर्मचारीहरूको पदाधिकार सञ्चार मन्त्रालयको दरबन्दीमा रहनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिमा काज खटी गएका प्राविधिक वा प्रशासकीय कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु वा सरुवा गर्नु परेमा त्यसको सूचना समितिलाई दिनेछ ।

(५) श्री ५ को सरकारको सेवामा रही समितिमा काज खटिएका प्राविधिक वा प्रशासकीय कर्मचारीको सरुवा, बढुवा, सेवाका शर्त तथा सुविधा र विभागीय कारवाई तथा सजायको सम्बन्धमा श्री ५ को सरकारको नियमानुसार हुनेछ । तर समितिका कर्मचारीहरूले श्री ५ को सरकारबाट काज खटी आउने प्राविधिक वा प्रशासकीय कर्मचारीभन्दा बढी तलब भत्ता वा कुनै सुविधा पाउने रहेछन् भने काजमा खटी आउने त्यस्तो कर्मचारीलाई समितिमा छउन्जेल समितिका कर्मचारीले पाएसरह तलब भत्ता वा सुविधा दिनमा यस दफाले बाधा पुऱ्याएको मानिनेछैन ।

(६) समितिमा काजमा खटिएका श्री ५ को सरकारको प्राविधिक वा प्रशासकीय कर्मचारीलाई फिर्ता गर्नु वा विभागीय कारवाई गर्नु परेमा समितिले सो गर्नु परेको कारण र आधार स्पष्ट खुलाई श्री ५ को सरकारमा सिफारिश पेश गर्नु पर्नेछ र त्यस्तो कर्मचारी उपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरामा आधारित छ सो समेत खुलाई पठाउनु पर्नेछ ।

(७) समितिमा काजमा रहेका कर्मचारीहरूको अध्ययन बिदा, विशेष बिदा र असाधारण बिदाबाहेक अन्य बिदा समितिले दिनेछ ।

८. अधिकार प्रत्यायोजन : समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा समितिको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. श्री ५ को सरकारसँग सम्पर्क : समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा सञ्चार मन्त्रालयमार्फत राख्नु पर्दछ ।

१०. नियमहरू बनाउने : समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

११. समितिको कार्यालय : समितिको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

१२. सम्पत्तिको हस्तान्तरण र बचाउ : सञ्चार मन्त्रालय अन्तर्गत प्रसार विभागको स्वामित्वमा रहेको सम्पूर्ण चल तथा अचल सम्पत्ति समितिलाई हस्तान्तरण गरिएको छ । उक्त प्रसार विभागले गरेको ठेक्कापट्टा वा करारहरू यसै समितिसित भए गरेको मानिनेछ ।

आज्ञाले,
जीवनलाल सत्याल
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

326

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।